# अर्थ सवाल साप्ताहिक

Artha Sawal Weekly

वर्ष ८, अंक १२, २०८० असोज १८ गते बिहीबार (5 October 2023 Thursday) मूल्य रू. १०/-


## दसैँको साइत सार्वजनिक



काठमाडौं । नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको दसैँको साइत सार्वजनिक गरेको छ। जसअनुसार विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे रहेको छ । विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे यस वर्षको बडादसैं अर्थात् दुर्गा पक्षको सुरुआत भने असोज २८ गते आइतबार हुनेछ । जसलाई नवरात्रारम्भ पनि भनिन्छ । त्यस दिन बिहान ११:२९ बजे घटस्थापना गर्ने साइत रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए । घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले दुवैको शान्ति गरेर घटस्थापना

बाँकी पृष्ठ ७




### तीन महिनामा थपियो चार हजार रुपैयाँभन्दा बढीको ऋणभार

# आर्थिक दुरावस्थाको ज्वलन्त उदाहरण !




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । आर्थिक वर्ष २०८०।०८१ को सुरुको तीन महिनाको बीचमा सरकारले आधा खर्बभन्दा बढी आन्तरिक ऋण उठाएको छ। सरकारले साउन महिनामा १३ अर्ब ६ करोड, भदौ महिनामा ३१ अर्ब २० करोड र असोज १४ गते बोलकबोल प्रक्रियामा १३ अर्ब १० करोड रुपैयाँको विकास ऋणपत्र जारी गरेको छ। तीन महिनामा विभिन्न शीर्षकमा गरेर सरकारले ५७ अर्ब ३६ करोड आन्तरिक ऋण उठाएको छ। यस अवधिमा बाह्य ऋण भने ४ अर्ब ९७ करोड रुपैँयामात्र प्राप्त भएको छ।

सरकारले आन्तरिक र बाह्य गरी ६२ अर्ब ३३ करोड ऋण उठाएको छ । यससँगै नेपालको कुल सार्वजनिक ऋण २३ खर्ब १९ अर्बको हाराहारीमा पुगेको छ। असोजको दोस्रो सातासम्म नेपालको कुल आन्तरिक ऋण ५० अर्ब ६३ करोड बराबर र ११ खर्ब ६९ अर्ब ३३ करोड बराबर बाह्य ऋण तिर्न बाँकी देखिएको छ। यस हिसाबले नेपालको कुल जनसंख्यालाई भाग लगाउँदा प्रतिव्यक्ति ऋण दायित्व ८० हजारको हाराहारीमा पुगेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, अहिले नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। यसरी, कुल सार्वजनिक ऋणलाई

बाँकी पृष्ठ ७

## ओलीले भनेकै हुने भए....



काठमाडौं । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफूले चाहेमा प्रचण्डको सरकार तत्कालै ढालिदिने भन्दै आएको पनि कथाजस्तो भइसकेको छ । प्रचण्डले एमालेसँगको सहयात्रा छोडेर नेपाली कांग्रेस र अरु पार्टीसँग गठबन्धन गरेर सरकार बनाएपछि रिसाएका ओलीले दिएको यो अभिव्यक्ति एमालेका नेता तथा कार्यकर्ताका लागि उत्साहजनक नै भए पनि वास्तवमा त्यो

बाँकी पृष्ठ ७







**अर्थ सवाल साप्ताहिकका लागि:**

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुइँकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# अराजक बजार निरीह सरकार

नेपालीहरूको घरदैलोमा महत्वपूर्ण चाडपर्व भित्रिइसकेका छन् । राष्ट्रिय पर्व दशैंको पूर्वसन्ध्यामा हुने पितृपक्ष सुरू भइसकेको छ भनें अबको डेढ हप्तामा दशैंको औपचारिक शुभारम्भ हुने छ । दशैं नेपालको आर्थिक–सामाजिक हिसाबले निकै महत्वपूर्ण पर्व हो । सिथिल भएको अर्थतन्त्र चलायमान हुनेदेखि बिछोडिएका परिवारको मिलनसम्म दशैंमा हुने गरेको छ । राम्रो लगाउने, मीठो खाने पर्व दशैं आमनेपालीको प्रतिक्षाको पर्व रहने गरेको भए पनि अहिले यही दशैं नेपालीहरूकका लागि सकसको विषय बन्न पुगेको छ ।

चाडपर्व नजिकिँदै जाँदा नेपाली बजार अराजक बन्दै गएको छ । कृत्रिम अभाव, मूल्यबृद्धि, अखाद्य वस्तुको बेचबिखन अचाक्ली रूपमा बढेको छ । सरकारी निकायको अनुगमनमै यस्तो देखिएको छ । तैपनि रोकथामको प्रभावकारी उपाय अपनाउन सकिएको छैन । बजार यति अराजक छ कि अनुगमनका क्रममा ९८ प्रतिशत व्यावसायिक निकायमा कैफियत देखिएको छ । बजार यति अराजकता देखिए पनि यसलाई रोकथाम गर्ने र जनतालाई राहत दिने सवालमा सरकारको कदम दह्रो हुन सकेको छैन । अनुगमन र कारबाहीका नाममा केही लाख रूपैयाँ जरिवाना गर्नेबाहेक केही हुन सकेको छैन । करोडौं कमाएकाहरूलाई लाखको जरिवाना कुनै कारबाही नै होइन । फितलो कानुनी सञ्रचना र निरीह सरकारी संयन्त्रका कारण बजार अरू अराजक बन्दै गएको हो ।

सरकारले चाहने हो भने जनतालाई राहत दिन कुनै आइतबार पर्खनु पर्दैन । कृत्रिम अभाव सिर्जना गरी मूल्यबृद्धि गर्ने, म्याद गुज्रिएका वस्तु विक्री गर्ने लगायतको काम मानवअधिकारबिरोधी गतिविधि हो । जनताको स्वास्थ्यसँगको खेलवाड पनि हो तर प्रभावकारी कारबाहीको अभाव हुँदा व्यापारीहरू नै सरकारी संयन्त्रमा हावी भइरहेका छन् । चालू आर्थिक वर्षको साउनदेखि असोज १२ गतेसम्म अनुगमन गरिएका एक हजार १ सय ४६ व्यावसायिक फर्ममध्ये २६ वटाबाहेक सबैमा कुनै न कुनै कैफियत भेटिएबाट थाहा हुन्छ कि नेपालको बजारको अवस्था कस्तो छ भन्ने । यस अवधिमा ३ सय ४७ व्यावसायिक फर्मलाई न्यूनतम पाँच हजारदेखि तीन लाख रूपियाँसम्म जरिवाना गरी ९२ लाख २५ हजार रूपियाँ राजस्व संकलन भएको छ भने उपभोग्य म्याद सकिएका सामान बिक्री गरेका ३४ वटा व्यवसायी फर्मबाट एक करोड एक लाख ९० हजार रूपियाँ बराबरको सामान नष्ट गरेको बताइएको छ तर कैफियत भेटिएकाहरूलाई गरिएको जरिवाना पाँच हजार हुनु नै अनियमितताका लागि प्रोत्साहन गर्नु हो । पछिल्लो समय अनुगमन बढ्दै गएको भन्दै व्यवसायीहरूले भने आलोचना गरेका छन् ।

'बजार आफ्नो अनुकूल चलाउन पाउनुपर्छ', 'अराजकता मच्चाउन पाउनुपर्छ' भन्ने गलत मान्यता बजार ञ्चालकहरूको रहेको छ । उनीहरू सरकारले त्रास फैलाएको आरोप लगाइरहेका छन् । सरकारको त्रासपूर्ण अनुगमनले सेवाका रूपमा व्यवसाय सञ्चालन गर्दै आएकाहरू विस्थापित हुने अवस्था आएको बताएर अनुगमन रोक्नुपर्ने र आफूहरूले जे गरे पनि चुपचाप सहनुपर्ने तर्क गर्न थालेका छन् । यसले नेपालको बजार कति अराजक छ भन्ने प्रष्ट हुन्छ । सँगसँगै सरकार कति निरीह छ भन्ने पनि बुझ्न टाढा गइरहनु पर्दैन । सरकार र अन्य निकाय कानुनको टुक्रा बोकेर सामान्य अनुगमन गरेर जिम्मेवारी पूरा भएको भ्रम छरिरहेका छन् । यो भ्रमपूर्ण अनुगमनले जनताले अपेक्षाकृत राहत र सेवा पाउने छैनन् । लुटको चक्र कायमै रहेको छ ।

# वर्तमान सरकारको यसपालिको दशौ उपहार 'महँगी'



डा. केशव देवकोटा

नेपालीहरुको प्रमुख चाड दशैं नजिकिँदै गएको अवस्थामा बजारमा महँगी पनि बढ्दै गएको छ । त्यसमा पनि गत १३ गते शनिबार नेपाल आयल निगमले एकाएक इन्धनको मूल्यमा बृद्धि गरेपछि एकदिनकै बीचमा महँगीको पारो एकाएक माथि चढेको अनुभव गरिएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले गत आइतबार सात दलको बैठक बोलाएर मूल्यबृद्धि घटाउने निर्णय गर्नु भए पनि नेपाली बजारले प्रधानमन्त्रीको भनाइलाई खासै मान्यता दिएको देखिएको छैन । गत सोमबारबाट इन्धनको मूल्यबृद्धि फिर्ता भयो तर बजारभाउ घटेको छैन । दैनिक उपभोग्य वस्तु चिनी र चामललगायतमा अत्यधिक मूल्यबृद्धि भएको छ ।

पछिल्लो तीन महिनाको तथ्यांकलाई हेर्दा उपभोग्य सामग्रीको मूल्य कम्तीमा १५ देखि शत प्रतिशतसम्म बढेको पाइएको छ । गत असारमा ५ यस रुपैयाँ किलोमा पाइएको जिराको बजार भाउ हाल एक हजार २ सय पुगेको छ । त्यसैगरी भारतले चामलको निर्यातमा रोकलगाएको समाचार सार्बजनिक भएलगत्तै चामलको भाउ ३५ प्रतिशतले बढेको पाइएको छ । गत साउनसम्म प्रतिकिलो ८५ रुपैयाँमा पाइने गरेको चिनीको मूल्य असोजको दोश्रो हप्ता हुँदा १ सय ५० रुपैयाँ पुगेको छ । यी काठमाडौंको सीमित बजारमा संकलन गरिएका केही उदाहारणहरुमात्र हुन् । बजारमा अधिकांश खाद्य र निर्माण सामग्रीहरुको मूल्यबृद्धि भएको छ । त्यसैगरी मूल्यबृद्धि भएर पनि सामग्रीहरु सहजरुपमा पाइन छाडेका छन् ।

दशैं नजिकिँदै गर्दा कालोबजारी बढेको छ । नेपालमा दशै आउनुअघिदेखि नै सरकारले विशेष सतर्कता अपनाउने परम्परा रहिआएको थियो । कतिपय वर्षहरुमा त सरकारले दशै बजारको समेत व्यवस्था गरेको देखिन्थ्यो । सो नभए पनि बजारमा सामग्रीहरुको कमी हुन नदिने र दशैभरिका लागि भए पनि महँगी नियन्त्रण गर्ने प्रचलन रहेको थियो तर वर्तमान सरकारले यसअघिको परम्परालाई तोडिदिएको छ । दशैंको मुखमा अन्यत्रको खर्च कटाएर भए पनि आम जनतालाई सिधै असर गर्ने कुराहरुमा सहुलियतको व्यवस्था गर्नुपर्ने थियो । कतिपय अवस्थामा सरकारले बजारमा मूल्यबृद्धि हुन नदिन इन्धनमा अनुदान दिने गरेका उदाहारणहरु पनि रहेका छन् । अब आगामी २८ गतेबाट नेपालका महत्वपूर्ण चाडहरु दशैं, तिहार र छठलगायतका प्रमुख शुरु हुँदैछन् ।

असोज महिनाको शुरुबाटै देशभर मूल्यबृद्धि र कालोबजारी बढ्दै गएको भन्दै सर्बत्र चिन्ता र चासो व्यक्त गर्न थालिएको पाइन्छ । सर्वसाधारण र विभिन्न दलहरुमात्र नभएर प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा समेत नेपालको पछिल्लो महँगीका बारेमा प्रश्न उठिसकेको विषय हो । सो समितिको गत साता बसेको बैठकले नजिकिँदै गएका विभिन्न चाडबाडहरुलाई लक्षित गरी बजारमा हुनसक्ने मूल्यवृद्धि र कालोबजारीको अनुगमनलाई प्रभावकारी तुल्याउन सरकारलाई निर्देशन दिइसकेको छ । बैठकले बजार अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरी सोको प्रतिवेदन समितिमा उपलब्ध गराउनसमेत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको देखिएको छ । त्यसैगरी प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकमा भाग लिने सदस्यहरुले पनि चाडबाडको समयमा कृत्रिम अभाव सिर्जना हुनसक्ने विषयलाई उठाउँदै त्यस्ता गतिविधिमा समयमै सतर्कता अपनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको देखिएको छ । त्यसैगरी विभिन्न पार्टी र संघसंस्थाहरुले पनि विभिन्न चाडपर्व क्रमश: भित्रिनै लागेको अवस्थामा प्रभावकारी बजार अनुगमन गरी कृत्रिम मूल्य नियन्त्रण तथा दैनिक उपभोग्य वस्तुको गुणस्तर मापन गर्ने, उपभोक्ताको हितलाई ध्यानमा राखी आपूर्ति सहज र सुलभ बनाई उपभोगतालाई आश्वस्त पार्न सरकारसँग माग गरिसकेका छन् । चाडपर्वहरुको मुखमा आम उपभोक्ताहरुलाई मार पर्ने गरी सरकारले मूल्यबृद्धि गरेकोमा आपत्ति जनाउँदै कतिपय पार्टीले सडक प्रदर्शनसमेत थालेका छन् । सत्तारुढ नेकपा (एकीकृत समाजवादी) ले प्रधानमन्त्री दाहाल चीनबाट स्वदेश फर्केलगत्तै गत शनिबार नै उहाँलाई भेटेर वर्तमान चौतर्फी संकटप्रति सचेत रहन ध्यानाकर्षण गराएको समाचार बाहिर आएको थियो । गत शनिबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा पुगेका नेकपा (एकीकृत समाजवादी) का अध्यक्षलगायतका नेताहरुले प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्रसमेत बुझाएका थिए । जसमा मुलुक आर्थिक मन्दीबाट आक्रान्त भएको हुँदा समाजमा निराशा, कुण्ठा अराजकता विस्तारित भएको उल्लेख गरिएको थियो । चाडपर्वको मौका पारेर कालाबजारीहरुले मनपरी गर्न थालेको उल्लेख गर्दै सो पार्टीले सरकारको ध्यानाकर्षण गराएको थियो ।

त्यसैगरी सत्तारुढ नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दल पनि मूल्यबृद्धिको विरोधमा उत्रिएको देखिएको छ । सो संगठनले त सरकारलाई जनतामाराको संज्ञा दिँदै अदूरदर्शी तथा लोकतन्त्रको मूलमर्म र भावनाविपरीत जनताको आर्थिक स्थितिले धान्नै नसक्ने गरी एलपी ग्यास र पेट्रोलियम पदार्थमा भारी मूल्यवृद्धि गर्ने निर्णय गरेको आरोप पनि लगाएको छ । सो संगठनले दशैं र दीपावली एवं छठपर्वको मुखैमा गरिएको मूल्यवृद्धि निन्दनीय रहेको टिप्पणी गरेको छ । सो संगठनले जनता आर्थिक मन्दीको चपेटामा छटपटाइरहेको वर्तमान विषम परिस्थितिमा गरिएको मूल्यबृद्धिले आमनेपाली नागरिकलाई चिन्तित एवं आन्दोलित तुल्याएको उल्लेख गरेको छ । सो संगठनले सरकारजस्तो अभिभावकीय भूमिकामा रहनुपर्ने निकायले माफिया, कालोबजारिया र कमिशनखोरको चंगुलमा फसेर गरिएको मूल्यवृद्धिको निर्णय सरकारले तुरुन्त फिर्ता नगरे देशव्यापी आन्दोलनमा उत्रन बाध्य हुने चुनौतीसमेत दिएको छ । त्यसैगरी संसद र सरकारबाहिर रहेका क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाललगायतका दलहरुले पनि वर्तमान सरकारले जानाजान महँगी बढाउने काम गरेको भन्दै बिरोध गरिसकेका छन् ।

जनस्तर र विभिन्न पार्टीहरुबाट महँगीबिरुद्ध आवाज उठ्दाउठ्दै सरकारको पूर्ण स्वामित्व रहेको नेपाल आयल निगमले गत शनिबार मध्यरातिबाट लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्यबृद्धि गरेको घटनाले सरकारभित्रै समन्वय नरहेको स्पष्ट गरेको थियो । जसमा पेट्रोल प्रतिलिटर २ रुपैयाँले महँगिएको थियो भने डिजेल तथा मट्टितेलमा ६ रुपैयाँका दरले मूल्यवृद्धि भएको थियो । खाना पकाउने ग्यासको मूल्यमा भारी मूल्यबृद्धि भएको थियो । यसअघि एक हजार ८ सय ९५ रुपैयाँमा खुद्रा बिक्री हुँदै आएको एलपी ग्यासको मूल्य बढाएर एकाएक दुई हजार १ सय १० रुपैयाँ पुऱ्याइएको थियो । ग्यासको मूल्यमा भएको सो बृद्धि ११ प्रतिशतभन्दा बढी रहेको छ । वर्तमान सरकारले गत साउनयतामात्र खाना पकाउने ग्यासमा ४ सय ५० रुपैयाँले मूल्यबृद्धि गरिसकेको पाइएको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य स्थिर रहेको र रुसलगायतका मुलुकले पेट्रोलियम पदार्थको मूल्यबृद्धि हुन नदिने भनिरहेका बेला नेपालमा मूल्यबृद्धि गराउने प्रयास किन भयो ? त्यो खोजीको विषय बनेको छ । खासमा मुलुकको अर्थतन्त्र गहिरो संकटमा रहेको स्पष्ट छ ।

जुन संकट वर्तमान सरकारको नीतिहीनताले सिर्जना गरेको हो भन्ने व्याख्या र विश्लेषणहरु पनि भइरहेका छन् । गत दुई वर्षअघिको तुलनामा हाल राजश्व करिब ३० अर्बले कम उठेको सरकारी तथ्यांक छ । जसको मुख्य कारण भारततर्फका सीमा नाकाहरुबाट तस्करी बढेकोले हो भन्ने जानकारहरुको विश्लेषण छ । भारतले गत केही महिनायताबाट पटकपटक चामल र प्याजलगायतका खाद्यवस्तुको निर्यातमा रोक लगाउँदै आएको छ । भारतले पनि रुसलगायतका विभिन्न देशबाट इन्धन र खाद्य सामग्रीहरु आयात गरिरहेको देखिएको छ । यस्तो अवस्थामा वर्तमान सरकारले ती मुलुकहरुबाट सिधै खरिद गरेर आपूर्ति गर्नसक्ने अवस्था छ । रुसले नेपालको विकासमा सघाउन विभिन्न प्रस्ताव गरिरहेका समाचारहरु बाहिर आएका छन् तर वर्तमान सरकारले नेपाललाई भारत निर्भर बनाउँदै लगेको देखिएको छ । चिनियाँ बन्दरगाहको प्रयोग र त्यसतर्फका सीमा नाकाहरु खोल्नेबारे सुस्तता देखिएको छ जसले गर्दा भारतीय सीमावर्ती बजारमा नेपाली ग्राहकको आइरो लाग्न थालेको छ यी सबै कुराहरुको मुख्य कारण राजनीतिक अस्थिरतालाई मानिन्छ । पौष १० मा गठन भएको बहुमतको सरकार ढलेपछि राजनीतिक अस्थिरता कायम रहँदै आएको छ । पछिल्लो सरकारले देशको अर्थतन्त्रको सुधारको विषयमा दलहरुका बीचमा छलफल गराएर साझा दृष्टिकोण बनाउन सकेन त्यसैले आर्थिक, सामाजिक र राजनीतिक क्षेत्र अस्तव्यस्त भएको अनुभव गर्न थालिएको छ । आगामी दशैंअगाडि सरकारले अनुदान दिएर भए पनि खाद्य सामग्रीहरु शुलभ र सहज बनाउने प्रयत्न गर्नुपर्दछ ।

# बौद्धिक सम्पतिको चोरी

**बौद्धिक सम्पत्ति मानिसको आफ्नो सीप, क्षमता र दक्षताको प्रयोग गरी तयार गरेको सिर्जनात्मक कार्य हो जसको माध्यमबाट भौतिक सञ्रचना वा वस्तु निर्माण हुन्छ भने उक्त वस्तु वा सञ्रचनामाथिको सर्जकको अधिकार बौद्धिक सम्पत्तिको अधिकार हो ।**



बिष्णु गिरी 'निश्चल'

नेपालमा बौद्धिक सम्पत्तिको चोरी हुने क्रम बढ्दो छ यसलाई नियन्त्रण गर्ने प्रयास भए पनि त्यसले सार्थकत पाउन सकेको छैन । सानादेखि ठूलासम्म बौद्धिक सम्पति चोरी हुने गरेको छ । पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको थेसिस पनि पैसा तिरेर लेख्न लगाउने र कसैले लेखेको थेसिसलाई नाम फेररे बुझाउने प्रबृति बढेको छ । यतिमात्र होइन कुनै सरकारी तथा गैर-सरकारी संस्थाका वार्षिक प्रतिबेदन र रिर्पोटहरुसमेत चोरी हुने गरेको छ ।

अहिले सांगीतिक क्षेत्रमा बढी मात्रामा बौद्धिक सम्पति चोरी भएको पाइन्छ र त्यसको बारेमा उजुरीसमेत परेको छ तर ती उजुरीलाई मिलेमतोमा मिलाउने प्रबृतिले गर्दा पनि बौद्धिक सम्पत्ति चोरीका घटनाहरु घट्नुको सटा बढिरहेको पाउँछौ । बौद्धिक सम्पत्ति अधिकार पूर्णत: स्थापित भई नसकेको हाम्रो देश नेपालमा यस्ता चोरी धेरै भएका छन् । बौद्धिक सम्पत्ति मानिसको आफ्नो सीप, क्षमता र दक्षताको प्रयोग गरी तयार गरेको सिर्जनात्मक कार्य हो जसको माध्यमबाट भौतिक सञ्रचना वा वस्तु निर्माण हुन्छ भने उक्त वस्तु वा सञ्रचनामाथिको सर्जकको अधिकार बौद्धिक सम्पत्तिको अधिकार हो । 'कमन ल' प्रणाली अवलम्बन गर्ने देशहरूले बौद्धिक सम्पत्तिलाई आर्थिक, सांस्कृतिक र औद्योगिक विकास गर्ने माध्यम र त्यस्तो सम्पत्तिको मालिकलाई एकाधिकारको अधिकार प्रदान गरी आर्थिक प्रोत्साहन दिने साधनको रूपमा लिने गरेको पाइन्छ ।

'कन्टिनेन्टल ल' पद्धतिको अवलम्बन गर्ने मुलुकहरूमा बौद्धिक सम्पत्तिलाई सर्जकको व्यक्तित्व विकास गर्ने माध्यमको रूपमा लिइने भएकोले नैतिक अधिकारको रूपमा मान्यता दिने गरेको देखिन्छ । समाजवादी मुलुकहरूमा भने समाजकै सम्पत्तिको हिस्साको रूपमा सर्जकलाई आर्थिक अनुदान, पुरस्कार र पारिश्रमिक दिने गरिन्छ । नेपालमा प्याटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ प्रचलनमा छन् । प्रतिलिपि अधिकारसम्बन्धी कानुनी व्यवस्थालाई समयानुकूल बनाउने उद्देश्यका साथ लागु गरिएको प्रस्तुत ऐनले विश्व व्यापार संगठनको बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौताका आधारभूत पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ ।

बौद्धिक सम्पत्ति अधिकारको व्यवस्थापन र प्रशासनको सन्दर्भमा समेत नेपालमा उपयुक्त प्रबन्ध हुन सकेको छैन । औद्योगिक सम्पत्तिको संरक्षण र व्यवस्थापनको लागि उद्योग विभाग, उद्योग मन्त्रालय तथा प्रतिलिपि अधिकारको लागि नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयलाई जिम्मेवारी प्रदान गरिएको छ । बौद्धिक सम्पत्ति संरक्षण प्रणाली आम नागरिक र सम्बन्धित समुदायसम्म पुग्न सकेको छैन । चेतनाको अभावकै कारण बौद्धिक सम्पत्ति संरक्षणका लागि औपचारिक प्रक्रियामा आउने नगरेको अवस्थासमेत छ । बौद्धिक सम्पत्ति देशको आर्थिक र सामाजिक विकासको मेरुदण्ड हो । पहिलोपटक सबै बौद्धिक सम्पत्तिलाई समेटेर राष्ट्रिय बौद्धिक सम्पत्ति नीति बनाइएको छ । अहिलेसम्म बौद्धिक सम्पत्तिसम्बन्धी नीति नै फरक फरक थिए । हालसम्म बौद्धिक सम्पत्ति अन्तर्गत कला, सिर्जनाको प्रतिलिपि, ट्रेडमार्क, डिजाइन, पेटेन्टजस्ता विषयलाई मात्र हेर्ने गरिएको थियो तर नयाँ नीतिले यसबाहेक विश्वमा बौद्धिक सम्पत्ति भनेर संरक्षण गरिएका अन्य विषयलाई पनि समेटेको छ । नीतिमा प्रतिलिपि, ट्रेडमार्क, डिजाइन, पेटेन्टबाहेक भौगोलिक संकेत, वनस्पतिका नयाँ प्रजाति, व्यावसायिक गोपनीयता, एकीकृत सर्किटको ले-आउट डिजाइन, परम्परागत ज्ञान, परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा अमूर्त सांस्कृतिक सम्पदाको बौद्धिक सम्पत्ति, जैविक विविधता एवं आनुवांशिक स्रोतको बौद्धिक सम्पत्तिलगायत विषयलाई वौद्धिक सम्पत्ति अन्तर्गत संरक्षण गरेर नीति बनाइएको छ ।

*(लेखक अधिवक्ता हुनुहुन्छ)*

# नेतृत्वको अद्योगतिले आमूल परिवर्तन निम्त्याउँदै



गोविन्द अधिकारी

'समृद्ध नेपाल र सुखी नेपाली' को नारा त भ्रष्टाचार, तस्करी र माफियाहरुको समुदायको पो विकास र विस्तार गर्न सफल भयो। यत्रतत्र सर्वत्र भ्रष्टाचार र माफियाहरुकै गतिविधिहरु तिब्र रुपमा अघि बढेका छन्। त्यसभन्दा बढी गुण्डागर्दी र दादागिरीपनको बोलवाला बढेको छ। लाग्छ सीमित भ्रष्टाचार, माफिया र तस्करका सरदारहरु समृद्ध हुनु नै समृद्ध मुलुक निर्माण हुनु रहेछ। भ्रष्टाचारका समाचार सार्वजनिक नभएका त दिनै हुँदैनन्। एउटा समयमा माओवादीले कहाँ लुटे, कहाँ आक्रमण गरे र कति मान्छे मारे भन्ने समाचारले प्राथमिकता पाएको थियो। यतिबेला हर बिहानीको चासो कहाँ र कति भ्रष्टाचार भयो र कुनकुन ठाउँमा गुण्डागर्दी चल्यो भन्ने नै हुन्छ। अरुको त के कुरा अस्पतालका चिकित्सकहरुसमेत सुरक्षित नहुने भए।

एक महिनाअघि २७ करोडमा खरिद गरिएको बिरामीको घाउ सेक्ने मेशिनको प्रयोगमै ल्याइएन भन्ने समाचार आएको छ। यस्तो घटना पश्चिम नेपालको एकमात्र क्यान्सर अस्पतालमा घटेको रहेछ। प्रयोग नै नगर्ने भए मेशिनको खरिद गर्नुको नियत र औचित्य के हुन सक्छ ? जे भए पनि सर्वसाधारणको अर्थमा यो भ्रष्टाचार हो। त्यतिमात्र भएन भएकै साधन र स्रोतको पनि दुरुपयोग गरिने रहेछ। यस्तो प्रवृतिले एकातिर सरकारी राजश्वको दुरुपयोग गरायो भनें अर्कोतर्फ टाढाटाढाका अस्पतालमा पठाएर बिरामीको थाप्लोमा अनावश्यक आर्थिक भार लाद्नु पनि भयो।

पेमेण्ट गेटवै खरिद गर्दा २३ करोड २७ लाख भ्रष्टाचार भो भनेर वहालवाला उद्योग सचिव र टेलिकमका प्रबन्ध निर्देशकसमेत नौजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलायो। त्यो पनि एकजना सचिव होइन ६ जना पूर्वसचिवबिरुद्ध मुद्दा चलाउनुपर्ने भएछ। यसरी हेर्दा सदाचारीचाहिँ को छ त भनेर दिउँसै लालटिन बालेर खोज्नुपर्ने अवस्था देशमा आएछ। यस्तो अवस्था आएपछि 'समृद्ध नेपाल सुखी नेपाली' को नारा त सार्थक हुने नै भयो किनभने औंलामा गन्न सकिनेहरु समृद्ध र सुखी हुने भए।

चालु भ्रष्टाचारसम्बन्धी छानबिनको प्रक्रिया पुरा गर्न नपाउँदै धावनमार्ग व्यक्तिका नाममा सारिएको घटनाको छानबिन गर्नुपर्ने भएछ। ललितानिवास जग्गा हिनामिना काण्ड, नक्कली भूटानी शरणार्थी काण्ड र एक क्विन्टल सुन तस्करी काण्ड छानबिन गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकलगायत अन्य प्रहरी अधिकृत र जिल्ला न्यायाधीशसमेत सरुवा गरियो। अब पनि इमानदार छानबिन गऱ्यो भने त्यस्तै सरुवामा परिन्छ कि भन्ने सन्त्रास प्रहरी अधिकृतहरुलाई हुने भयो किनभने धावनमार्ग व्यक्तिका नाममा सार्ने गतिविधिमा पनि ठूलै नेताहरुको समेत संलग्नता रहेको हुन सक्छ। ठूला नेता र शक्तिको पहुँच भएकालाई त छानबिन गरेर कुनै अभियोग लगाउनै मिल्दैन।

त्यस्तै अदालतले अपराध पुष्टि गरेर जेल सजाय तोकेका व्यक्तिहरुलाई उन्मुक्ति दिन सरकार दनादन सिफारिस गर्छ र राष्ट्रपति रोकिँदै नरोकिई आममाफी दिन्छन्। केही समयअगाडि कैलाली घटनामा जेल जीवनयापन गरिरहेका रेशम चौधरीलाई आममाफी दिएर उन्मुक्ति दियो। यतिबेला तरुण दलका रेगिन भनिने योगप्रसाद ढकाललाई उन्मुक्ति दिइएको छ। धेरै पहिला बालकृष्ण ढुंगेललाई पनि उन्मुक्ति दिइएको थियो। जसले गर्दा अपराधीहरु प्रोत्साहित भए। अब ईंटाभट्टामा जिउँदै मान्छे जलाउने कांग्रेस नेता तथा पूर्वमन्त्री अफ्ताब आलाम पनि छुटे भने आश्चार्य नमाने हुन्छ। यसर्थमा यो देश त अपराधकर्मीको क्रीडास्थल पो बनेको छ। त्यतिमात्र होइन हालसालै सडक संघर्षमा उत्रिएका शिक्षक र चिकित्सकहरुको माग सरकारले पूरा गर्ने सहमति गऱ्यो। शिक्षकको माग पूरा गर्ने हो भनें आर्थिक भारमात्र ३४/३५ अर्ब थपिन्छ भनिएको छ। त्यसका अतिरिक्त संविधान संशोधन गर्नुपर्ने हुन्छ। संविधानले प्रदान गरेको स्थानीय तहको अधिकार कटौती गर्न संविधान संशोधन गर्नुपर्ने हुन्छ त्यसैले शिक्षकहरुको माग पूरा गर्न सम्भव छैन। एकातिर सरकार चिकित्सकहरुसँग माग पूरा गर्ने सहमति र सम्झौता गर्दैछ तर अर्कोतर्फ चिकित्सकहरु कुटिँदैछन्। देश त वितण्डा, विवाद र किचलोको भण्डार पो भएको छ।

धरानमा गाई काटेर भोज लगाइयो। धर्मका हिमायतिहरुको विरोध प्रदर्शन भयो। यदि निषेधाज्ञा जारी नभएको भए रक्तपातको अवस्था आउन सक्थ्यो। त्यतिले मात्र पुगेनछ क्यारे पुनः चुनौती दिँदै खोटाङमा पनि गाई काटियो। यस्ता घटनाहरु बढ्दै गए भने मुलुकमा धार्मिकयुद्ध हुने निश्चित छ। यसैपनि कोशी प्रदेश नामाकरण भएको विषयमा किराँत र लिम्बुहरुले बिरोध प्रदर्शन गरिरहेकै थिए। त्यसमाथि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जातीय पहिचानसहितको राज्य दिन्छु भनेर सार्वजनिक अभिव्यक्ति दिए। यसरी हेर्दा द्वन्द्वहरु प्रायोजित रहेछन् कि भन्ने आशंका पनि उब्जिएको छ किनभने बितण्डताबादीको लक्ष्य नै बितण्डा मच्चाउने नै हो। समाजमा असन्तुष्टि, आक्रोश, वितृष्ण र विश्वासको संकट विस्तारित छ। हालसालै वसन्तपुरको ईन्द्रजात्रा हेर्न गएका राष्ट्रपति रामचन्द्र पौडेलले जे जस्तो अपमान र उपेक्षा व्यहोर्नु पऱ्यो त्यही घटनाले पनि वर्तमान राजनीतिक प्रणाली राजनीतिक दल र नेताहरुप्रति मोहभंग भइसकेको स्पष्ट रुपमा देखिन्छ।

ईन्द्रजात्राको कार्यक्रममा काठमाडौं महानगरपालिकाका मेयर वालेन साहको भने 'वाहीवाही' गरियो। त्यसको तीनचार दिन अगाडि मन्दिर दर्शन गर्न गएका पूर्वराजा ज्ञानेन्द्रको भक्तपुरका जनताले लाखौं जनताले 'राजा आउ, देश बचाऊ' भन्दै अभूतपूर्व स्वागत गरे। उक्त भींड स्वतस्फुर्त थियो। त्यहाँ जिल्ला जिल्लाबाट ल्याइएको ज्यालाका खेतालाहरुको भीड थिएन।

यी र यस्ता घटनाक्रमहरु नियाल्दा मुलुकले आमूल परिवर्तनको मार्ग पछ्याइसकेको छ। हरेक सत्ताधारीहरुले आफ्ना बिरोधमा उत्रिएका जनतालाई मुठ्ठीभरकै देख्ने रहेछन्। त्यसैले एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि लाखौंको भक्तपुरको भिंडलाई पनि दुइचार हजारको देखे। पञ्चायती प्रधानमन्त्री मरिचमान सिंहले मुठ्ठीभरका देखेका आन्दोलनकारीहरु सडकभर भए। अब ओली, देउवा र दाहालहरुले दुइचार हजार देखेका भीड सडकमा लाखौंका हुँदै गए भनें पनि अन्यथा मान्नुपर्ने अवस्था आउने छैन।

# हिमालयन रि-इन्स्योरेन्सको सीईओमा पौडेल नियुक्त



काठमाडौं। हिमालयन रि-इन्स्योरेन्स कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा उपासना पौडेल नियुक्त भएकी छन्। कम्पनी सञ्चालक समितिको बैंठकले प्रमुख कार्यकारी अधिकृत रहेका चन्द्रशेखरनको राजीनामा स्वीकृत गर्दै नयाँ सीईओमा पौडेललाई नियुक्त गर्ने निर्णय गरेको हो।

पौडेलाई सीईओ नियुक्त गर्ने प्रस्ताव बीमा प्राधिकरणमा पठाएको छ। बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले पौडेललाई सीईओ नियुक्त गर्न प्राधिरकणमा पत्राचार भएको भएपनि प्राधिकरणले कुनै निर्णय नगरेको बताउँछन्। युनाइटेड इन्स्योरेन्स कम्पनीको सीईओ भइसकेकी पौडेल हाल हिमालयन रि-इन्स्योरेन्समा नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत छिन्।

# महालक्ष्मी बैंकका ग्राहकलाई विशेष छुट




काठमाडौं। महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, श्रृगार र होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ। सम्झौता पश्चात बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकले उक्त संस्थाका विभिन्न सेवामा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

छुट प्राप्त गर्न सकिने संस्थाहरुमा सुमेरु हस्पिटल प्रा.लि, धापाखेल, एसियन बुद्ध होटल, महाफेन्सी, रेसु ब्युटिपार्लर र बेनुफुल कलेक्सनमा उपचार एवं सामान खरिद बिक्रीमा यस किसिमको सहकार्यबाट बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिग प्रयोग गर्ने ग्राहक लाभान्वित हुने विश्वास बैंकले लिएको छ। यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षातकार गराउने उद्देश्यले बैकले विभिन्न शाखाबाट वित्तीय जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको पनि विज्ञप्तिमा उल्लेख छ।

# शिक्षा पत्रकार समाजको तेस्रो वार्षिकोत्सव सम्पन्न

काठमाडौं। शिक्षा पत्रकार समाजको तेस्रो वार्षिकोत्सवका अवसरमा शिक्षा र पत्रकारिता क्षेत्रका व्यक्तित्वहरू सम्मानित र पुरस्कृत भएका छन्। आयोजित कार्यक्रममा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले ती सम्मान र पुरस्कार प्रदान गरेका हुन्। समाजले २५ हजार राशिको शिक्षा पत्रकारिता पुरस्कार नागरिक दैनिकका पत्रकार रूवी रौनियारलाई प्रदान गरेको छ। उक्त पुरस्कार समाजसेवी एवं उद्यमी गोपी कँडेलबाट २ लाख २२ हजार कोषमा हस्तान्तरण गरी सुरु गरिएको थियो।



कार्यक्रममा शिक्षा सम्मान काठमाडौं विश्वविद्यालयको स्कुल अफ एजुकेशनका डीन डा. बालचन्द्र लुइँटेल, डीन, केन्द्रीय बहिरा क्याम्पसका प्रमुख ऋषिराम देवकोटा, नुवाकोटको पृथ्वी माविका प्रधानाध्यापक बाबुराम लामिछाने, जापानको एभरेष्ट इन्टरनेशनल स्कुल, बालविकास प्रशिक्षक एवं अङ्कुर प्रि-स्कुलका प्रिन्सिपल सिर्जना पोखरेल र सिन्धुपाल्चोकको तेर्से माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण थापालाई प्रदान गरिएको छ।

त्यसैगरी कैलालीको न्यू स्टार बोर्डिङ स्कुलका प्रिन्सिपल परशुराम शर्मा भण्डारी, सप्तारीको भवानीप्रसाद सकलप्रसाद रामप्रसाद जनता माविका लेखापाल भगवती चौधरी, संयुक्त अधिराज्य बेलायतको पहार ट्रष्ट नेपालका निर्देशक एलन स्वीट म्यान र धनुषाको आसमान नेपालका कार्यक्रम निर्देशक दिनेश्वर साहलाई पनि शिक्षा र रुपान्तरणका लागि गरेको योगदानको कदर गर्दै सम्मान गरिएको छ। कार्यक्रममा प्रतिनिधिसभाका प्रस्तुत विद्यालय शिक्षासम्मन्धी विधेयकमाथि सरोकारवाला र विज्ञका धारणा प्रस्तुतीकरण गरिएको छ।


**सुर्यगढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट, बाग्मती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।**

**रुवी भ्याली गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सेतुङ, धादिङ, बाग्मती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।**

**हरिहरपुरगढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली, बाग्मती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।**

## एसविआई बैंकका ग्राहकलाई छुट



काठमाडौं । नेपाल एसविआई बैंक र साथी अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि टिकापुरबीच छुट सम्बन्धी सम्झौता भएको छ ।

बैंकका सबै भिसा डेबिट कार्ड तथा मोबाइल बैकिङ सेवा प्रयोगकर्तालले साथी अस्पताल एण्ड रिसर्च सेन्टरमा कार्ड तथा मोवाइल बैकिङ प्रयोग गरेबापत विभिन्न स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सम्झौता भएको हो । उक्त सम्झौतामा सुदुरपश्चिम प्रदेश प्रमुख सन्तोष कुमार भण्डारी तथा अस्पतालका अध्यक्ष जगदिश्वर पण्डितले हस्ताक्षर गरेको पनि बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## सानिमा बैंकको दराजसँग छुट दिने सहकार्य




काठमाडौं । चाडपर्वमा सानिमा बैंकले ग्राहकहरुका लागि दराजसंग 'दसैं धमाका' योजनामा विशेष छुट दिने सहकार्य भएको छ । योजना अवधिभर दराजबाट सामान खरिद गरी ग्राहकले सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकले डेबिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम १ हजार ५ सय रुपैयाँसम्मको छुट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम २ हजार रुपैयाँसम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

योजना अवधिभर सहभागी हुने ग्राहकलाई 'पहिलोलाई प्राथमिकता' को आधारमा छुट प्रदान गरिने छ । छुटका लागि ग्राहकले दराजबाट बैंक भौचर संकलन गर्नुपर्नेछ । यसैगरी क्रेडिट कार्ड प्रयोगकर्ताले मासिक किस्ताबन्दी इएमआई सुविधा पनि प्राप्त गर्न सक्नेछन् । यो योजना २०८० असोज १७ देखि २०८० आश्विन ३० सम्म १४ दिनका लागि लागू हुनेछ । बैंकको देशका सातै प्रदेशमा १३२ वटा कार्यालय तथा १२३ वटा ए.टि.एम. संचालनमा रहेका छन् । साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ एप प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ आउटलेट, होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## ग्लोवल बैक र नवीकरणीय ऊर्जा केन्द्रबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच केन्द्रीय नवीकरणीय ऊर्जा कोषमार्फतको कर्जा नोक्सान ग्यारेन्टीका लागि एकआपसमा सम्झौता सम्पन्न भएको छ । सो सम्बन्धी समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले हस्ताक्षर गरेका छन् । बैंकले नवीकरणीय उर्जा क्षेत्रमा वित्तीय उत्थानका निमित्त दिगो ऊर्जा चुनौती कोषअन्तर्गत सम्झौता गरेको हो । बैंकका अनुसार यो व्यवस्थाले देशमा नवीकरणीय उर्जा वित्तीय उत्थानलाई मापन गर्ने अपेक्षा गरिएको छ । कर्जा नोक्सान ग्यारेन्टीले दिगो उर्जाका लागि ऋण प्राप्त गर्दा धितोको आवश्यकतालाई पनि सहज बनाउने अपेक्षा गरिएको छ ।



बैंकले यस्ता किसिमका परियोजनाहरुमा लगानी गर्नुका साथसाथै साना तथा मझौला व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न वित्तीय सुविधाहरु प्रदान गर्दै व्यवसाय वृद्धिको लागि सहयोग गर्ने लक्ष्यअनुसार यस सम्झौताअन्तर्गत देशको दूर दराजमा सञ्चालन हुने परियोजनालाई बैंकिङ सुविधा प्रदान गर्ने बताइएको छ ।

## सिटिजन्स बैंक र गुरु ट्राभल्स लिमिटेडबीच समझदारी




काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र गुरु ट्राभल्स लिमिटेडबीच बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक ग्राहकले गुरु ट्राभल्स लिमिटेडमार्फत विभिन्न अन्तर्राष्ट्रिय भ्रमण प्याकेजहरु लिदा १० हजार रुपैयाँसम्मको छुट पाउनेछन् ।

यसका साथै गुरु ट्राभल्सको सिफारिसमा डलर, ट्राभल्स कार्ड बनाउन आउने ग्राहकलाई बैंकले कार्ड जारी शुल्कमा आकर्षक छुट दिने भएको छ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकलाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको बैंकले जनाएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

बैंकले मुलुकभर फैलिएका आफ्ना १८८ वटा शाखा, १४८ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट १६ लाख ५० हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको पनि विज्ञप्तिमा उल्लेछ छ ।

## कुमारी बैंकको दसैं-तिहार उपहार योजना




काठमाडौं । कुमारी बैंक लिमिटेडले दसैं तथा तिहारलाई लक्षित गर्दै आफ्ना बचत खातामा विभिन्न आकर्षक सुविधा प्रदान गर्ने भएको छ । यस अवसरमा बैंकले ग्राहक माझ निकै लोकप्रिय कुमारी परिवार सुरक्षा बचत खातामा थप सुविधाका साथ 'दसैं र तिहार परिवारलाई उपहार' योजना ल्याएको छ । २६ लाखको बीमा सुविधा अन्तर्गत परिवारका ४ जना सदस्यलाई एक लाखको मेडिकल बीमा सुविधाका साथै कुमारी परिवार सुरक्षा बचत खातामा २४ लाखसम्मको दुर्घटना बीमा तथा एक लाख सम्मको घातक रोग बीमा सुरक्षण समावेश गरिएको छ । साथै खाता खोलीएको पहिलो वर्षको लागि लकर सुबिधामा लकर शुल्कमा एकसय प्रतिशत तथा लकर मार्जिनमा ५० प्रतिशत छुट तथा निःशुल्क डेबिट, क्रेडिट कार्ड सुविधा प्रदान गर्ने छ । सोही अवसरमा बैंकका अन्य बचत खातामा २० हजार रुपैयाँको मेडिकल बीमा सुविधा प्रदान गर्ने छ । बैंकले सानिमा जी आई सी इन्स्योरेन्स र सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेडसँग बीमा प्रदायक कम्पनीको रुपमा सहकार्य गर्दै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## सामसुङको चाडपर्वमा नयाँ अफर




काठमाडौं । दसैं तिहारलाई ध्यानमा राख्दै सामसुङले 'रमाइलो दसैं तिहार, मायाले भरौ घर परिवार' शीर्षकको नयाँ चाडपर्व अफर घोषणा गरेको छ । ४१ प्रतिशतसम्मको छुटमा सामसङको टेलिभिजन सेट र होम अप्लायन्स घर ल्याई यो अफरबाट चाडपर्वको मौसममा ग्राहकको घर हर्ष र खुसीयालीले भर्ने उद्देश्य रहेको छ । यो अफरले सामसङको टिभी, रेफ्रिजरेटर र वाशिङ मेसिनको आकर्षक रेन्जलाई समावेश गरेको छ । यसमा आकर्षक क्यासब्याक अफारका साथ सामसुङका नयाँ उत्पादन पनि उपलब्ध छन् । सामसङ १७ वर्षदेखि ग्लोबल नम्बर १ टिभी ब्रान्ड रहेको छ । ग्राहकले क्रिस्टल युएचडी टिभीको अरवौ रंग, क्युएलईडी टिभीको नवीनता, फ्रेम टिभीको आकर्षण र सामसङको सबैभन्दा नयाँ सि-सिरिज लाइन-अप उत्तिकै आकर्षक अफारका साथ आफ्नो घरमा ल्याउन सक्ने पनि कम्पनीले बताएको छ । ग्राहकले कुनै पनि सामसुङको नयाँ टिभी खरिद गर्दा त्यसमा ३ वर्षको वारेन्टी रहेको छ ।

## हिमाल रेमिटेन्स भुक्तानी रावा बैकमार्फत




काठमाडौं । हिमाल रेमिटको रेमिटेन्स भुक्तानी राष्ट्रिय वाणिज्य (रावा) बैंकमार्फत हुने भएको छ । विश्वका जुनसुकै देशमा रहेका आफन्तले हिमाल रेमिटबाट पठाएको वैदेशिक रेमिटेन्स अब रावा बैंकको ७७ जिल्लामा रहेका २८४ शाखा कार्यालयबाट भुक्तानी हुने भएको छ ।

दूर दराजमा रहेका ग्राहकले पनि यो सुविधा प्राप्त गर्न सक्नेछन । यसपछि बैंकका ग्राहक तथा अन्य वैदेशिक रेमिटेन्स प्राप्त गर्ने ग्राहकलाई नेपालमा रेमिटेन्स प्राप्त गर्न सहज हुने अपेक्षा गरिएको छ । रावा बैंक र हिमाल रेमिटका लागि प्रिन्सिपल एजेन्ट सि एफ एस रेमिट प्रालिबीच यसअघि भएको सम्झौतापत्रमा बैंकका तर्फबाट विभागीय प्रमुख ऋषि राम ढकाल र प्रिन्सिपल एजेन्ट सि एफ एस रेमिटका प्रमुख कार्यकारी अधिकृत बवि शर्माले हस्ताक्षर गरेका छन् ।

**गुलरिया नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
